नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ ३१ गते २०३२ साल [अतिरिक्ताङ्क २९

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

सूचना

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ दफा २ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा २ को प्रयोजनको लागि निम्न मालवस्तु तोकिदिएको छ।

१. मैदा
२. नून
३. पाउरोटी
४. चिनी र मिश्री
५. चुरोट, बिडी, सलाई
६. चिया
७. पाउडर, मिल्क, बेबीफूड, हर्लिक्स र त्यस्तै पदार्थहरू
८. साबुनहरू
९. सूती धागो
१०. सबै प्रकारको कपडा
११. होजियरी सामान
१२. चूरा, धागो, पोते
१३. मट्टितेल, डिजेल, पेट्रोल
१४. लुब्रिकेण्ट
१५. कोइला
१६. चिरान लकडी
१७. जुत्ताहरू
१८. छाता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।